ठाकुरबाबा नगरपालिकाको १५ औं नगरसभा अधिवेशनमा
सम्वत् २०८१ असार १० गते सोमवार
उपप्रमुख विना कुमारी भट्टराईले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१।०८२ को
# बजेट वक्तव्य

ठाकुरबाबा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

सैनवार, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

यस गरिमामय नगरसभाका अध्यक्ष एवम् ठाकुरबाबा नगरपालिकाका प्रमुखज्यू, नगरसभाका सचिवज्यू, नगरसभाका सदस्यज्यूहरु, कर्मचारीहरु, पत्रकार तथा संचारकर्मी मित्रहरु, स्वदेश तथा विदेशबाट यस नगरसभा अधिवेशनमा प्रत्यक्ष प्रसारणमार्फत जोडिनु भएका सम्पूर्ण शुभेच्छुक महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

नगरसभाको यस बैठकमा ठाकुरबाबा नगरपालिकाको उपप्रमुखको हैसियतले नेपालको संविधान २०७२ को धारा २३० बमोजिम यस गरिमामय सभामा ठाकुरबाबा नगरपालकिाको आ.व. २०८१।०८०२ को वार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. आर्थिक वर्ष २०८१।०८२ को बजेट प्रस्तुत गरिरहँदा मुलुकको आमूल परिवर्तनका लागि भएका विभिन्न आन्दोलन तथा संघर्षहरुमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने शहीदहरुलाई उच्च सम्मान तथा हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहान्छु तथा घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु।

२. मुलुकको समग्र अर्थतन्त्रका समस्या एवम् चुनौतिको परिस्थितिलाई आत्मबोध गर्दै नगरपालिका भित्रको आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रको क्रियाकलापलाई गुणस्तरीय र सुशासनयुक्त बनाई नागरिकको मुहारमा खुशी ल्याउन नागरिकहरुको माग र हामीले चुनावमा प्रस्तुत गरिएका घोषणापत्रहरु समेतलाई आधार मानी आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छ । साथै नेपालको संविधान, प्रचलित कानून, दिगो बिकासका लक्ष्य, नेपाल सरकारको नीति तथा कार्यक्रम, राष्ट्रिय प्रतिवद्धता र राष्ट्रिय विकासका सोच, लक्ष्य र उद्देश्य, नगरसभाबाट पारित आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम एवम् संघ र प्रदेश सरकारले अवलम्वन गरेका नीति, कार्यक्रम तथा बजेट समेतलाई आधार मानी बजेट तयार गरेको छु।

३. सुशासन, सामाजिक न्याय र समृद्धिका माध्यमबाट ठाकुरबाबाको समग्र विकासलाई जनतासामु पुर्याई **समुन्नत ठाकुरबाबा सवल नगरवासी** ध्येय पुरा गर्नेतर्फ प्रस्तुत वजेट लक्षित हुनेछ ।

४. स्थानीय सरकारको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपाल सरकारद्वारा स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन, दीगो विकासका लक्ष्यहरू, नेपाल सरकारको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य, सोहौं आवधिक योजना, लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य, लुम्विनी प्रदेश सरकारको दोस्रो आवधिक योजना, यस नगरपालिकाको आवधिक योजना, २० वर्षे गुरुयोजना तथा १० वर्षे शैक्षिक विकास योजना, गरिमामय १५ औं नगरसभाबाट पारित आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र विभिन्न सरोकारवालाहरुबाट प्राप्त राय, सल्लाह र सुझाव समेतलाई आधार बनाएको छु ।

५. नेपालको संविधान, स्थानीय सरकार सन्चालन ऐन, सोह्रौं आवधिक योजना, दिगो विकासका लक्ष्यहरु एवम् अन्तराष्ट्रिय प्रतिवद्वता, संघीय तथा प्रदेस सरकारका नीति तथा कार्यक्रम, ठाकुरबाबा नगरपालिकाको गुरु योजना, आवधिक योजना, मध्यकालिन खर्च संरचना तथा विनियोजन विधेयकका सिद्वान्त र प्राथमिकता, ठाकुरबाबा नगरपालिकाको नीति तथा कार्यक्रम र नगरसभा सदस्य एवम् सरेकारवालाहरुबाट प्राप्त सुझावलाई मनन गर्दै आर्थिक बर्ष २०८१।०८२ को बजेट तर्जुमा गरेको छु।

६. मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषाणा भएको सोह्र बर्ष पुरा भएको छ भने संघीयताको अभ्यास शुरु भएसंघै हामी ठाकुरबाबा नगरपालिका स्थानीय सरकार स्थापना भएको पनि आठौं बर्षमा प्रवेश गर्दैछौं ।हामी निर्वाचित भए पछि पनि तेस्रो बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेका छौं ।

**अब म नगरको चालु आर्थिक वर्षको बजेट कार्यान्वयन र आर्थिक स्थितिका बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।**

१. नगरपालिकाको कार्य सञ्चालनमा आवश्यक पर्ने थप कानून, नीति, कार्यविधिहरु तयार भइसकेको, योजनावद्ध कार्यक्रम कार्यान्वयन गर्ने परिपाटीको विकास भइसकेको र २ बर्षको अनुभवले पूर्ण सक्षमताका साथ बजेट कार्यान्वयन गर्न सक्ने सीप, क्षमता र तत्परता समेत प्राप्त भएकोले नतिजा देखिने गरी कार्य सम्पादन गर्न सक्ने अवस्थामा पुगेका छौं ।

२. श्रावण महिनामा नै आवधिक योजना तथा गरिमामय नगरसभावाट स्वीकृत आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम र हामीले परिकल्पना गरेको **समुन्नत ठाकुरबाबाः सवल नगरवासी** को ध्येयलाई मुर्त रुप दिने गरी ऐन, नीति, नियममावली कार्यविधिको निर्माण गर्ने वा संशोधन गर्ने तथा नयाँ ठेक्का गर्नुपर्ने कार्यलाई पहिलो त्रैमासिक भित्र गर्ने र वडा तथा शाखागत कार्ययोजना समेत श्रावणमा नै सम्पन्न गरी साझेदार संस्थाहरुको कार्यक्रमलाई समावेश गरी एकिकृत कार्ययोजना बनाई सो आधारमा पूर्ण क्षमताका साथ कार्यक्रम तथा योजनाहरुलाई कार्यान्वयन गरिनेछ ।

३. निशुल्क प्राप्त हुने औषधि, मर्मत संभार गनुपर्ने भौतिक संरचनाहरु, स्वास्थ्य बिमा तथा पशु र बालिबिमा शिक्षा र स्वास्थ्य सेवा प्रवाह जस्ता नागरिकको प्रत्यक्ष जीवनसँग जोडिएका संवेदनशिल क्षेत्रमा अभाव र कमजोरी हुन नदिन सबै प्रकारका संयन्त्रहरु प्ररिचालन गरिनुका साथै यी क्षेत्रमा कार्यनीति र जिम्मेवारी तोकि कार्यकुशलताको आधारमा पुरस्कार र दण्ड तथा क्षतिपुर्ति समेत गर्ने गरी प्रभावकारी कार्यान्वयन गरिने छ ।

४. हाम्रो कार्यकालको करिव मध्येविन्दुमा आईपुग्दा जनतासँग प्रत्यक्ष सरोकार राख्ने र आर्थिक समृद्धि हासिल गर्नका लागी धैरै महत्वपुर्ण कामको थालनी गरेका छौं । बिकास निर्माणका योजनाहरु पनि संघ, प्रदेश सरकारको सहकार्यमा अगाडि बढिरहेका छन तर पनि नतिजा देखिन केहि समय लाग्ने देखिन्छ । अन्तिम बर्ष चुनावी बर्ष भएकाले अवको २ बर्षलाई नीतिगत, कार्यनीतिगत, कार्यान्वयन सबै पक्षबाट सबै योजना तथा कार्यक्रमलाई नतिजामुखि र परिणाममुखी बनाउन सबै पक्षसँग समन्वय, सहकार्य र साझेदारी गरिने छ भने कार्यान्वयनमा पर्ने र पारिने सबै वाधा र अवरोधलाई दृढताका साथ सामना गर्दै कठोर निर्णय र सुन्य सहनसिलताका साथ कार्य अघि बढाईने छ ।

५. हाल देखिएको आर्थिक संकटका कारण बजेट कटौति तथा निर्माण ब्यबसायीबाट समयमा कार्य सम्पादन हुन नसकि थपिएका आर्थिक दायीत्वलाई परिपुरण गर्न खरिद ऐन र नियमावलीलाई कडाईका साथ कार्यान्वयन गरिनुका साथै समयसिमा भित्र योजना पुरा गर्नै पर्ने नीतगत ब्यवस्था कडाईका साथ कार्यान्वयन गरिने छ । संघीय र प्रदेश सरकारबाट सृजित दायीत्वबाट भएका ठेक्का समय भित्र सम्पन्न नभएमा, सबै सहजता विच पनि समयमा कार्य सम्पन्न नगर्ने निर्माण ब्यवसायीको ठेक्काको म्याद थप नगर्ने र ढिल्ला सुस्ती गरी समयमा कार्य नसक्ने ब्यबसायीलाइ हजर्ना सहित मात्र कार्य येजना लिई म्याद थप गरिने छ ।

६. चालु आर्थिक वर्षका लागि रु. ७९,२७,२२,९०४। उनासि करोड सत्ताईस लाख बाईस हजार नौसय चार रुपैया (चालुतर्फ रु. ५०,०९,१०,४८८।— पचास करोड नौ लाख दश हजार चार सय अठासी र पुँजीगत तर्फ रु. २९,१८,१२,४१५।— उन्तीस करोड अठार लाख बाह्र हजार चार सय पन्ध्र) विनियोजन भएकोमा वर्षको अन्त्यमा आईपुग्दा प्रस्तावित आयको बजेटको आकार बढेर ८०,०७,७५,९०४।— असि करोड सात लाख पचहत्तर हजार नौ सय चार पुगेको छ । जुन प्रस्तावित बजेट भन्दा १.०५ प्रतिशत बढी हो । जस मध्ये चालु तर्फ रु ५०,४०,३३,४८८।— पचास करोड चालिस लाख तेत्तिस हजार चार सय अठासी र पुँजीगत तर्फ रु २९,६७,४२,४१५। उन्तीस करोड सत्सठ्ठी लाख वयालीस हजार चार सय पन्ध्र रहेको छ । तर हाल सम्म आईपुग्दा यथार्थ आय रु ६६,३७,२९,५७०।— छैसठ्ठी करोड सैंतीस लाख उन्तीस हजार पाँच सय सत्तरी रहेको छ । जुन आर्थिक वर्षका लागि बास्तविक आय भन्दा १७.१२ प्रतिशत र प्रस्तावित आय भन्दा १६.१८ प्रतिशत कम हो । अर्थात अनुमानित आय भन्दा रु १३,७०,४६,३३४ ।—तेह्र करोड

सत्तरी लाख छयालीस हजार तीन सय चौतिश रुपैयाँ कम आय प्रप्त भएको छ । यसबाट बजेट सन्तुलनमा अपुरणीय दवाव सृजना भएको छ ।

७. यसरी बास्तविक आय भन्दा रु १३,७०,४६,३३४।—तेह्र करोड सत्तरी लाख छयालीस हजार तीन सय चौतिश रुपैयाँ कम आय भएको, संघीय समानीकरण र राजश्व बाँडफाँडबाट प्राप्त हुने आयमा भएको कटैती र नदीजन्य ठेक्का नजाँदा अन्तरीक अयमा समेत अएको उच्च गिरावटले चुनौतिपूर्ण आर्थिक दायीत्वको चापबाट गुज्रीएको अवस्था रहेको छ ।

८. संघीय र प्रदेश सरकारका सशर्त र समपुरक अयोजनाबाट निर्माण हुने आयोजनाहरु पनि निर्माण ब्यवसायीबाट समयमा सम्पादन नहुँदा आम नगरवासीबाट आउने अपगाल र गुनासोका साथै वजेट फ्रिज हुने र नगरपालिकालाइ थप दायीत्व सृजना हुने अवस्था रहेको छ । यसलाई निराकरण गर्न यस प्रकृतिका ठेक्काको म्याद नथप्ने र लापरवाही दोहोरिएका निर्माण ब्यवसायीलाई ठेक्का प्रक्रियामा नै रोक्ने गरी आफ्नै खरिद ऐन वनाएर कार्यन्वयन गरिने छ ।

९. समयमा काम नगर्ने ढीलासुस्ती गर्ने निर्माण ब्यवसायीहरुको सझैता खारेज गर्ने APG जफत गर्ने र कालो सूचीमा राख्ने प्रक्रियाहरु समेत अपनाईएको छ । वडा नं ९ को वाटोमा निर्माण व्यवसायीले समयमा काम नगरि नगरपालिकाको कार्यसम्पादनमा नै चुनौती जस्तो दिएकोले तोडिएको ठेक्कामा उच्च अदालतमा परेको रिटमा नगरपालिकाको पक्षमा फैसला भएको छ ।

१०. हाल सम्ममा चालु तर्फको रु ५०,४०,३३,४८८।— पचास करोड चालिस लाख तेत्तिस हजार चार सय अठासी रहेकोमा रु ३६,५९,१८,५८५ छत्तिस करोड उन्साठ्ठी लाख अठार हजार पाँच सय पचासी रुपैयाँ खर्च भइ ७२.५९ र पुँजीगत तर्फ रु २९,६७,४२,४१५। उन्तीस करोड सत्सठ्ठी लाख वयालीस हजार चार सय पन्ध्र रहेकोमा रु ११,३६,६०,७२७। खर्च भइ ३८.२९ प्रतिशत प्रगति भएको छ । यथार्थमा रु.४७,९५,७९,३१२। खर्च भई ५९.८८ प्रतिशत खर्च प्रगतर रहेको छ । तर यो खर्च यथार्थ आयका अधारमा भने ७२.२५ प्रतिशत हो ।

११. यस नगरपालिकाको वडा नं.३ नेउलापुरमा १५ शैयाको नगर अस्पतालको निर्माण आगामी आर्थिक वर्षभित्र निर्माण सम्पन्न गरी नवनिर्मित भवनबाट सेवा सुचारु गर्न आवश्यक सामाग्री तथा जनशक्तिका लागि आवश्यक समन्वय तथा व्यवस्थापन गरिनेछ ।

१२. संविधान र स्थानीय सरकार सन्चालन ऐनले प्रदत्त गरेका सबै अधिकारहरुलाई कार्यानवयन गर्दै नीतिगत र संरचनागत कार्यहरुमा सबै प्रयासहरु केन्द्रित गरिएको छ । नगरपालिकाको अफ्नै प्रशासनीक भवन सहित सबै वडा कार्यालयहरुको एउटै मापदण्ड अनुसारको भवन निर्माण गरिएको छ ।

१३. सिमित स्रोतका विच विभिन्न निकायहरुसँगको समन्वय र सहकार्यमा सामाजिक विकास अर्थिक विकास र पूर्वाधार विकासका कार्यहरु अघि वढाईएको छ । सघन सहरी विकास आयेजनाको काम अगामी अर्थिक बर्षमा समेत निरन्तरता हुने गरी चालु अर्थिक बर्षको कार्यक्रम ठेक्ठा सम्पन्न भइ कार्यन्वयनको चरणमा रहेको छ ।

१४. चालु अर्थिक बर्षमा संघीय बिशेष कार्यक्रममा प्रस्तावित हात्तिछेकवारको लागी विनियोजित रु १,५०,००००० । एक करोड पचास लाख राष्ट्रिय येजना आयोगको सिफारिस विपरित अर्थ मन्त्रालयबाट हठात योजना कटौति हुँदा ठेक्का प्रक्रियामा गई निर्माण समेत चालु गरिएको आयोजनाका लागी रु १,०१,७७,९१३ । एक करोड एक लाख सतहत्तर हजार नौ सय तेह्र थप दायीत्व सृजना हुन गयो । यस कार्यबाट ९३६ मिटर र प्रदेश सरकारको समन्वयमा वडा नं.२ मा २२ लाखको लागतमा १७० मिटर समेत गरी कुल ११०६ मिटर हात्ती छेकबारका लागि पक्की पर्खाल निर्माणको कार्य सम्पन्न हुने चरणमा रहेको छ।

१५. विद्यालय भौतिक सुविधा विस्तार गरी ३४ कोठा थप गरिएको छ भने निर्माण भएका २ वटा भवनमा बहुतले शौचालय निर्माण कार्य अगाडि बढाइएको छ । साईन्सल्याव र ICT आधारभुतमा समेत स्थापना सुरुवात गरिएको छ ।

१६. नगरपालिकाको आफ्नै प्रशासनिक भवन तयार भएसँगै नगरपालिकाबाट सञ्चालन हुने सबै कार्यक्रमहरु आफ्नै सभाहलबाट मात्र गर्ने निर्णय सहित नगरपालिकाको सभाहलमा सञ्चालन हुँदै आएको छ । साझेदार संस्थाको कार्यक्रम पनि सभाहलमा नैं गर्न निर्देशित गरिएको छ । आगामी आ.व.मा पनि यसैलाई निरन्तरता दिंदै अन्य निकायबाट सञ्चालन हुने कार्यक्रममा आर्थिक ऐन अनुसार सेवा शुल्क लिने ब्यवस्था गरिने छ ।

१७. गत वर्ष निर्माण भएका ५,४,२,७, ८ र ९ वडा कार्यालयमा कम्पाउण्ड वाल लगाउने कार्य पुरा भएको छ ।

१८. चालु आर्थिक वर्षमा विभिन्न पूर्वाधार निर्माण, सार्वजनिक जग्गा संरक्षणका कामहरु अगाडि बढेका छन् जसमध्ये नगरपालिकाको आन्तरिक श्रोतबाट १२ किमि ,सघन शहरी विकास कार्यक्रमबाट ६ कि मि र जिल्ला पूर्वाधार विकास कार्यालयबाट ५ किमि गरी कूल २४ किमि बाटोको ठेक्का व्यवस्थापन भई निर्माण कार्य अगाडि बढेको छ । यसैगरी नगरपालिकाको आफ्नै इक्युपमेन्ट प्रयोग गरी १५ कि मि र सडक बोर्ड लगायतका अयेजनाबाट ७.५ सहित २२.५ किमी सडक ग्राभेल र १.५ किमि नया सडक विस्तार गरिएको छ । यसै गरी भुरिगाउ र हात्तीसारमा सार्वजनिक शौचालय निर्माण भैरहेको छ भने कर्मला र गोब्रेलामा २ किमि हात्ती छेकवार पर्खाल निर्माण गर्ने कार्य सम्पन्न हुने चरणमा रहेको छ । काठेपुल बिस्थापन अन्तर्गत ३ वटा बक्स कल्भर्ट र १ वटा ट्रष्ट ब्रिज निर्माण भएको छ ।११७ स्थानमा ह्युमपाईप जडान गरिएको छ।

१९. नगरपालिकाका विभिन्न क्षेत्रमा विद्युत प्राधिकरणसंगको सहकार्यमा बिद्युत पोल, तार व्यवस्थित गरिएको छ । बिद्युत प्राधिकरण समेतको सहयोगमा १७८ वटा नया पोल १२ वटा ट्रान्सफर्मर जडान गरिएको छ । वडा न ६ र ७ मा नियमित विद्युत आपूर्तिका लागि आम्वासाबाट नयाँ लाइन विस्तार कार्य भैरहेको छ ।

२०. गाउँबस्ती उज्यालो कार्यक्रमलाई निरन्तरता दिईएको छ । वडा १,३,४,५ र ९ मा गरी जंगल किनारका बस्तीमा ६९२ सडक बत्ति जडान गरिएको छ ।

२१. नगरपालिकाको सभाहललाई प्रविधिमैत्री बनाईनुका साथै जनसरोकारका कार्यक्रहरुलाई नगरपालिकाको फेसबुक पेजबाट प्रत्यक्ष प्रशारण गर्ने गरिएको छ

२२. अन्तराष्ट्रिय साक्षरता दिवस तथा राष्ट्रिय शिक्षा दिवसको अवसरमा २०७९-०५-२३ गते १३ बुँदे प्रतिवद्धता सहित कक्षा १० सम्म सबैका लागि र लक्षित समूहका बालबालिकाका लागि कक्षा १२ सम्म नै निशुल्क शिक्षाको घोषणा गरी कार्यान्वयन र शिक्षामा गरिएको छ । शिक्षक बैंक स्थापना लगायत शिक्षा क्षेत्रमा नगरपालिकाले गरेको नीतिगत र संरचनागत विकासका साथै ठूलो लगानीका कारण शिक्षा पत्रकार समूहबाट ठाकुरबाबा नगरपालिका देशभरिकै उत्कृष्ट नगरपालिका र Principal Association of Nepal बाट लुम्बिनी प्रदेशको पनि उत्कृष्ट नगरपालिकाको रुपमा सम्मानित भएको छ ।नीतिगत र संरचनागत कार्यमा देखिएको अव्वलतालाई नतिजामा दिखने गरी परिवर्तन गर्न आवश्यक देखिएको छ । यद्यपि केहि सकरात्मक सुधारहरु देखिएका छन्।

२३. सार्वजनिक शिक्षालाई सबैबाट रोजिने र खोजिने बनाउन आवश्यक नीतिगत र संरचनागत विकास गरी ५ जना जनशक्ति सहितको विद्यालय सहायता संयन्त्र तयार गरी कार्यान्वयन गरिएको छ ।

२४. नेपालका ३३ वटा र लुम्विनि प्रदेशको ११ वटा पालिकामा ईन्स्योरप्रोजेक्टको सहयोगमा सञ्चालित युवाहरुलाई दिगो तथा सम्मानित रोजगारीका लागि सिटिभिटि लेभल २ को ३६९६ घण्टे ४ वटा विषय क्षेत्रको तालिमहरु सञ्चालन गरिएको छ ।

२५. आधारभूत नगर अस्पतालमा २ जना मेडिकल अधिकृत सहित थप जनशक्ति व्यवस्थापन गरी भिडियो एक्सरे विरामी भर्ना, सामान्य शल्यक्रिया सहित २४ घण्टा ईमरजेन्सि सेवा भेन्टिलेटर सहितको सर्पदंश उपचार सेवा स्वास्थ्य विमा सेवा सञ्चालन भएको छ ।

२६. मुटु मृगौला र क्यान्सर रोगको उपचारार्थ ९४ जना विपन्न नागिरकलाई सिफारिस गरिएको छ भने ८५ जना दीर्घरोगीका लागि मासिक रु ५०००- का दरले औषधोपचार उपलब्ध गराईएको छ । दीर्घरोगीमा नसमेटिएको थालसेमियाका ६ जना बिरामीलाई आफ्नै स्रोतबाट मासिक रु ३०००- का दरले उपलब्ध गराईएको छ ।

२७. ठाकुरबाबा नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरुको तथ्यांक अद्यावधिक गरी यस आ. व. मा ४३०८ जनालाई सामाजिक सुरक्षा भत्ता रु १६ करोड २८ लाख ४० हजार ३५ वितरण गरिएको छ।

२८. नगरपालिकाका सबै सार्वजिनक विद्यालयमा एउटै प्रकारको वसद्यालय पोशाक बनाईनुका साथै सबै विद्यार्थीका लागी निशुल्क टाई र वेल्ड उपलव्ध गराईएको छ ।

२९. आर्थिक वर्ष २०७९-०८० मा प्रस्तावित आय रु ८३,७२,५६,१०५-त्रियासी करोड बहत्तर लाख छपन्न हजार एक सय पाँच रुपैयाँ अनुमान गरिएकोमा रु ८७,६४,८२,१०५।—सतासी करोड चौसठ्ठी लाख वयासी हजार एक सय पाँच वास्तविक आय भई रु.६५,९२,९१,३२५।—पैसठ्ठी करोड वयानव्वे लाख एकानव्वे हजार तीनसय पच्चिस रुपैयाँ व्यय भएकोले अनुमोदनका लागि पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

**अब म गरिमामय सभा समक्ष आ. व. २०८१।०८२ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु**

११ औं सम्मानित नगर सभावाट ५ बर्षका लागि अनुमोदित ध्येय **सम्मुनत ठाकुरबाबाः सबल नगरवासी**को सपना साकार गर्न आर्थिक वर्ष २०८१।०८२ का लागि प्रस्तावित बजेटको उद्देश्य तथा प्राथमितकताहरु देहाय बमोजिम रहेका छन् ।

**क.** शिक्षा स्वास्थ्यलाई उच्च प्राथमिता दिँदै यी क्षेत्रहरुमा आम नागरिकको सहज पहुँच बढाउँदै निशुल्क र गुणस्तरीय सेवा उपलब्ध गराउने ।

**ख.** उत्पादन र रोजगारीको अवसर सिर्जना गरी नगरलाई आधारभूत खाद्य र पशुजन्य तथा मसलाजन्य बालीको बजारीकरणमा सहयोग तथा साझेदारी गरी आयात प्रतिस्थापन र निर्यात प्रवद्र्धन गर्ने ।

**ग.** पशु तथा बाली बिमा अनिवार्य गरी जंगली जनावरबाट हुने क्षतिलाई बिमाबाट उपलब्ध गर्ने ।

**घ.** सञ्चालित वडा तथा नगरस्तरीय गौरवका आयोजनालाई पहिलो चौमासिकभित्र सम्पन्न गरी प्रस्तावित गौरवका आयोजनाको निर्माण प्रक्रिया कार्ययोजना बनाई निर्धारित समयमा नै सम्पन्न गर्ने ।

**ङ.** आधारभूत भौतिक पूर्वाधारको विकास र विस्तार तथा सामाजिक जागरणका माध्यमबाट पिछडिएको क्षेत्रको आर्थिक सामाजिक रुपान्तरण गर्ने ।

**च.** बजेट कार्यान्वयनमा सुधार र सुशासन प्रत्याभुत गर्ने ।

**यस बजेटका प्राथमिकताहरु देहायबमोजिम रहेका छन्**

**क.** गुणस्तरीय तथा निशुल्क शिक्षा, आधारभुत स्वास्थ्य सेवा मार्फत मानवीय विकास गर्ने ।

**ख.** कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्ध गरी रोजगार र स्वरोजगरको अवसर सृजना गरी आर्थिक समृद्रि हासिल गर्ने ।

**ग.** वडा तथा नगरस्तरीय गौरवका आयोजनाहरुको कार्यान्वय गर्ने ।

**घ.** सबै पशुहरुको बिमा अनिबार्य गरी कार्यन्वयन गर्ने ।

**ङ.** सिंचाई खानेपानी तथा सरसफाईमा सुधार गरी पूर्ण सरसफाई युक्त पालिका बनाउने ।

**च.** सार्वजनिक सेवा प्रवाह र संरचनागत जनशक्ति व्यवस्थापापन गरी सेवा चुस्त र गुणस्तरीया कायम गर्ने ।

**छ.** जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास र सुशासन प्रवद्र्धन गर्ने ।

**नेपालको संविधानले प्रत्याभतू गरेका मौलपक हक, राज्यका निर्देशक सिद्वान्त र नीति तथा ठाकुरबाबा नगरपालिकाको नीति र दीर्घकालिन सोचलाई कार्यन्वयन गर्न प्रस्थावित बजेटमा देहायका प्राथनमकता निर्धारण गरेको छु।**

**क.** शुसाशन, सार्वजनिक सेवा सेवा प्रवाह, सामाजिक न्याय र मानविय विकास,

**ख.** गणुस्तरीय र दिगो भौतिक पूर्वाधारको सन्तुलित विकास र पर्यटन पवर्द्धन,

**ग.** निशुल्क तथा गणुस्तरीय सार्वजनिक शिक्षा र सुलभ स्वास्थ्य सेवा,

**घ.** कृषिको व्यावसायीकरण, सीप विकास तथा रोजगारी सृजना,

**ङ.** साना उद्योग व्यवसाय प्रर्वद्धन, स्थानीय कला संस्कृतिको संरक्षण र सम्वर्द्धन,

**अध्यक्ष महोदय,**

**अब म आ. व. २०८१।०८२ को प्रस्तावित बजेट सहित क्षेत्रगत कार्यक्रम तथा बजेट प्रस्तुत गर्न गइरहेको छु ।**

१. आ. व.२०८१।०८२ को लागि रु ७९,९९,१२८३२। उनासी करोड उनानसय लाख बाह्र हजार आठ सय बत्तिस रुपैयाँको बजेट प्रस्ताव गरिएको छ । जुन गत आर्थिक बर्षको प्रस्तावित बजेट भन्दा ०.९१ प्रतिशतले बढी र वास्तविक बजेट भन्दा ०.१३ प्रतिशतले कमी रहेको छ । यस मध्ये चालु बजेट रु. ५०,३९,४५,०८४।— पचास करोड उन्चालिस लाख पौतालिस हजार चौरासी बाईस रुपैयाँ र पुँजीगत बजेट रु.२९,५९,६७,७४८।— उन्तीस करोड उन्साठ्ठी लाख सत्सठ्ठि हजार सात सय अठचालिस रुपैयाँ रहेको छ । जुन क्रमशः ६३ र ३७ प्रतिशत हो ।

२. आगामी आर्थिक बर्षको बजेटको स्रोत तपसिल बमोजिम रहेको छ ।

| सि.नं. | बजेट तह/श्रोत | आ.ब. २०८१।०८२ को अनुमानित आय |
|---|---|---|
| संघीय सरकार | | |
| १ | संघीय सरकार समानीकरण अनुदान | १३४,२००,०००.०० |
| २ | संघीय सरकार सशर्त अनुदान | २७९,३१६,०००.०० |
| ३ | संघीय सरकार समपुरक अनुदान | १५,०००,०००.०० |
| ४ | संघीय सरकार बिशेष अनुदान | २५,०००,०००.०० |
| ५ | संघीय सरकार राजस्व बाँडफाड | ११४,८९७,९०१.०० |
| ६ | वन क्षेत्रको रोयल्टी | २,००२,०९९.०० |
| **जम्मा अनुदान** | | **५७०,४१६,०००.००** |
| **बाँडफाँड गर्न मिल्ने रकम** | | **२५१,१००,०००.००** |
| **प्रदेश सरकार** | | |
| १ | समानीकरण अनुदान | ९,४००,०००.०० |
| २ | प्रदेश सरकार सशर्त अनुदान | १०,०००,०००.०० |
| ३ | प्रदेश सरकार समपुरक अनुदान | १०,५००,०००.०० |
| ४ | प्रदेश सरकार बिशेष अनुदान | - |
| ५ | प्रदेश सरकार राजस्व बाँडफाड | १०,७२४,६७०.०० |
| **जम्मा अनुदान** | | **४०,६२४,६७०.००** |
| **बाँडफाँड गर्न मिल्ने रकम** | | **२०,१२४,६७०.००** |
| **स्थानीय सरकार** | | |
| १ | आन्तरिक राजस्व | ७७,०००,०००.०० |
| २ | आ.ब. २०८०/०८१ को खर्च गन बाँकी मौज्दात | १११८७२१६२ |

| | |
|---|---|
| **आन्तरिक जम्मा बजेट** | **१८४,३७२,१६२.००** |
| **कुल बजेट** | **७९,९९,१२,८३२** |
| **बाँडफाँड गर्न मिल्ने रकम** | ४६,००,९६,८३२ |

**अध्यक्ष महोदय,**

**अव म क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

सङ्घीय र प्रदेश सरकारबाट यस नगरपालिकाका लागि विनियोजित बजेट तथा नगरपालिकाको आन्तरिक स्रोत समेतका आधारमा बाँडफाँड गर्न सकिने वजेटबाट (सशर्त र समपुरक बाहेकको बजेट) क्षेत्रगत बजेट बाँडफाँड तपसिल अनुसार गरिएको छ ।

| क्र. सं. | शिर्षक | बिनियोजन भएको रकम रु |
|---|---|---|
| १ | **चालु तथा प्राशासनिक** | १२९,८००,०००.०० |
| २ | **पुर्वाधार बिकास जोड कोष सहित** | **१४७,०००,०००.००** |
| | समपुरक कोष | ४०,०००,०००.०० |
| | भुक्तानी दिन बाँकी दायित्व | ८७,०००,०००.०० |
| | गौरवका आयोजना | २०,०००,०००.०० |
| ३ | **आर्थिक बिकास** | **३८,३७०,०००.००** |
| | कृषि | १५,०००,०००.०० |
| | पशु | ६,९५०,०००.०० |
| | साझेदारी | ११,९००,०००.०० |
| | पर्यटन | २,८००,०००.०० |
| | सहकारी | ६२०,०००.०० |
| | उद्योग | ३००,०००.०० |
| | भुमि व्यवस्था | ८००,०००.०० |
| ४ | **सामाजिक बिकास** | **८६,६०८,८३२.००** |
| | शिक्षा तथा खेलकुद | ६२,६४४,१८२.०० |
| | स्वास्थ | १७,६७०,२५०.०० |
| | महिला बिकास लक्षित | ५,५७४,४००.०० |
| | सामाजिक सुरक्षा तथा पञ्जिकरण | ७२०,०००.०० |
| ५ | **सुशासन तथा संस्थागत बिकास** | **१२,७००,०००.००** |
| | न्यायिक समिति | १,३५०,०००.०० |
| | सेवा प्रवाह तथा सुशासन | ११,३५०,०००.०० |
| ६ | **वातावरण तथा बिपद् व्यवस्थापन** | ११,११८,०००.०० |
| ७ | **वडागत सिलिङ्ग** | ३४,५००,०००.०० |
| **जम्मा बजेट** | | **४६०,०९६,८३२.००** |

**(क)सामाजिक विकास**

**(अ) शिक्षा तथा खेलकुद र कला संस्कृति**

१. शिक्षा पुर्वाधारको पनि पुर्वाधार हो । सार्वजिनक शिक्षालाई आम अभिभावक र वालवालिकाले रोजे र खोजे जस्तो बनाउन सबै भन्दा वढी वजेट शिक्षा क्षेत्रमा विनियोजन गरिएको छ । शिक्षामा कुल बजेट रु

२७,५०,३०,१८२ । सत्ताईस करोड पचास लाख तीस हजार एक सय वयासी प्रस्ताव गरिएको छ । जुन कुल बजेटको ३४.५७ प्रतिशत र गत आर्थिक बर्षको यस क्षेत्रमा विनियोजित बजेट भन्दा रु २,६५,८७,७१२।दुई करोड पैसठ्ठी लाख सतासी हजार सातसय बाह्र र १०.७० प्रतिशतले वढी रहेको छ।

२. कक्षा १० सम्म निशुल्क शिक्षा घोषणा गरी कार्यान्वयन गर्दा कक्षागत र विषयगत आधारमा थप भएका जनशक्ति सहित निशुल्क शिक्षा सञ्चालन गर्न आवश्यक पर्ने व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

३. **मेरो विद्यालय म बनाउछु अभियान** र विद्यालयको सुन्दरता तथा हरियालीयुक्त विद्यालयका लागि **मेरो विरुवा मेरै संरक्षण** अभियानलाई हरेक शिक्षक वालबालिकासगँ जोडी विद्यालय परिसरमा आफ्नो नामबाट विरुवा रोपी हरियाली विद्यालय वनाउन रु ५ लाख वजेट प्रस्ताव गरेको छु ।

४. नगरपालिका क्षेत्रभित्रका कलस्टरवाइज छनौट गरिएका विद्यालयको ECED कक्षालाई वातानुकुलित बनाउन हाल ४ वटा विद्यालयका ८ वटा कक्षाकोठामा एसि र स्मार्ट टिभी जोडने कार्य अन्तिम चरणमा रहेको छ ।वसाई व्यवस्थापनलाई समेत सुधार गर्न थप वजेट प्रस्ताव गरेको छु ।

५. बालविकास शिक्षकहरुलाई प्रोत्साहित गरी सिकाईको जगलाई थप प्रभावकारी र परीणाममुखी वनाउन र तोकिएको समय भन्दा थप समय सेवा गर्न उत्प्रेरित गर्न नगरपालिकाले थप गरेको सुविधालाई मासिक रु ५०० थप गरी रु ७५०० पुर्याएको छु ।

६. विद्यालयका संरचनाको नियमित मर्मत संभार गरी सेवालाई गुणस्तरीय र प्रभावकारी वनाउन **विद्यालय संरचना मर्मत संभार कोष** स्थापना गर्न रु ६ लाख बजेट विनियोजन गरिएको छ ।

७. अनाथ तथा असहाय वालवालिकाका लागी त्रिभुवन नमुना माध्यमिक विद्यालयमा आवासिय सुविधा सहितको व्यवस्थापन सुरु गरिएकोमा सो कार्यलाई निरन्तरता र थप वालवालिकालाई समेत सुविधा विस्तारका लागी रु १० लाख वजेट प्रस्ताव गरिएको छ ।

८. शिक्षकहरुको सिकाई आदान प्रदान तथा मागमा अधारित पेशागत विकासका लागि आवश्यक बजेट प्रस्ताव गरेको छु ।

९. सामुदायीक विद्यालयको शिक्षण सिकाईलाई गुणस्तरीय बनाउन विद्यालयले तयार गरेको विद्यालय सुधार योजनाको आधारमा प्राथमिता क्षेत्र र क्रम सहितको नगर स्तरीय एकिकृत शिक्षा कार्ययोजना तयार गरी क्रमशः कार्यान्वयन गर्न आवश्यक स्रोत प्रस्ताव गरिएको छ ।

१०. कक्षा १२ सम्मको शिक्षालाई निःशुल्क गर्ने गरी हाललाई व्यस्थापन बापतको रकम अनुदानको रुपमा दिई तोकिएका लक्षित समूहका बालबालिकाका लागि निःशुल्क पठनपाठनको व्यवस्था गरिनेछ । यस वापत रु ४० लाख वजेट प्रस्ताव गरेको छु ।

११. कोभिड १९ का कारणले भएको शैक्षिक क्षतिलाई परिपुरण गरी न्यूनतम सिकाई उपलब्धि सबै वालवालिकामा सुनिश्चित गर्न सिकाई स्तर कमजोर भएका तथा तथा अभिभावक नभएका तथा घरमा नभएका वालवालिकाको न्युनतम सिकाई स्तर कायम गर्न REAL plan मा अधारित शिक्षण सकाई सन्चालन गर्न तथा नतिजामा कार्य सम्पादन र लक्ष्यमा अधारित प्रोत्साहन कार्यक्रमका लागि रु ३० लाख बजेट प्रस्ताव गरेको छु ।

१२. अबको सिकाई प्रविधि सहितको सिकाई भन्ने नारा सहित हरेक शिक्षकलाई बर्षे विदामा तोकिएको स्थानबाट निशुल्क प्रविधि प्रयोग गर्न सक्ने गरी तालिम सञ्चालन गर्न तथा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्रीका लागि आवश्यक बजेट प्रबन्ध गरिएको छ । यस कार्यक्रमा स्वास्थ्य सेवा तथा वडा कार्यालय र सेवा केन्द्रका प्रविधीको ज्ञान नभएका सबै जनशक्तिलाई सहभागी गराईने छ ।

१३. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप बिकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गर्न आवश्यक ब्यवस्था गरिएको छ ।

१४. विद्यालयमा विद्यार्थीले र कक्षा कोठामा शिक्षकले मोवाइल प्रयोग गर्न तथा खाजाको रुपमा जंकफुड प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्न आवश्यक नीतिगत सुधार गर्न साथै नमूना कृषि फर्मबाट उत्पादित खाद्यान्नलाई दीवा खाजासँग जोडि स्थानीय उत्पादनहरु प्रयोग र उत्पादनको बजार सुनिश्तिताको प्रवन्ध गरिएको छ ।

१५. शिक्षकलाई शिक्षण सिकाईमा सहयोग गरी सिकेर सिकाउने, तथा सिकाई आदान प्रदान गर्न विद्यालय सुपरीवेक्षक, रोष्टर शिक्षक र विद्यालय सहयोग संयन्त्रलाई निरन्तरता दिन आवश्यक बजेट प्रस्ताव गरेको छु।

१६. **उत्कृष्ट विद्यालयलाई सम्मानः कमजोरलाई प्रोत्साहन** भन्ने नारालाई मुर्तरुप दिन उत्कृष्ट विद्यालय, ब्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीलाई पुरस्कारको ब्यवस्था गरी कमजोरलाई नतिजामा आधारित प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

१७. नयाँ निर्माण भएका विद्यालयहरुमा फर्निचर र फर्निसिंगका लागि रु २००००००। बीस लाख बजेट ब्यवस्थापन गरिएको छ ।

१८. **आजको सिकाई भोलिको कमाई** भन्ने नारालाई बास्तविकतामा परिणत गर्न रोजगारको अवसरको खोजीमा रहेका युवालाई बृत्ति तथा रोजगार सम्वन्धि मार्ग निर्देशन सेवा सञ्चालन तथा लामो तथा छोटा अवधिका सीप विकास तालिमहरु सञ्चालन गर्न आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

१९. विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रमहरु School to work transition सन्चलन गर्न रु १५ लाख वजेट प्रस्ताव गरेको छु । विद्यार्थी उत्प्रेरणात्मक कार्यक्रम समेत समावेश गरी वालविवाह लागु पदार्थको प्रयेगलाई निरुत्साही गरी विद्यालयलाई खानेपानी सरसफाई तथा स्वच्छता अभियानमा समेत विद्यार्थिको उत्साहाजनक सहभागिता गराईने छ ।

२०. युवा तथा खेलकुद विकासका लागि रु.३०,००,०००।—तीस लाख बजेट विनियोजन गरेको छु । यो अघील्लो अर्थिक बर्षमा खेलकुदमा विनियेजित वजेट भन्दा २० प्रतिशत वढी रहेको छ ।

२१. ठाकुरबाबा नगरपालिकाको पहिचान खोखो खेलकुद सञ्चालन, सातौं नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता (आ. वि. तहलाई समेत समावेश गर्ने गरी) दोस्रो मेयर कप फुटवल प्रतियोगिता सञ्चालन, नगर तथा वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन तथा क्रिकेट खेलको पूर्वाधार विकासका लागि बजेट विनियोजन गरेको छु । साथै खेल प्रशिक्षकलाई तालिम प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२२. नगर भन्दा वाहिर आयोजना हुने खेलहरुमा खेलाडीको सहभागीता तथा उत्कृष्ट खेल खेल्ने खेलाडीलाई सम्मानका लागि आवश्यक वजेट विनियोजन गरिएको छ

२३. खेल मैदान पूर्वाधार विकासका लागि साझेदारीमा कार्य गर्न समन्वय गरिने छ

२४. नगरस्तरीय प्रज्ञा प्रतिष्ठान गठन गरिएको छोटो अवधिमा प्रज्ञा प्रतिष्ठानका गतिविधिले समग्र नगरपालिकालाई उत्साहित बनाएको छ । प्रतिष्ठानका गतिविधिलाई राष्ट्रिय प्रज्ञा प्रतिष्ठानको समेत ध्यानाकर्षण गर्न सफल भएको छ ।

**(आ) स्वास्थ्य सेवा**

१. नागरिकको जीवन रक्षा गर्नु नै प्रमुख दायित्व महसुस गरी स्वास्थ्य सेवाका लागि रु.५,४५,८४,२५०।— पाँच करोड पैतालिस लाख चौरासी हजार दुई सय पचास रुपैयाँ विनियोजन गरिएको छ । जुन अघिल्लो आर्थिक वर्ष भन्दा ५१,६४,४६०। एकाउन्न हजार चौसठ्ठी चार सय साठ्ठी रुपैयाँ र ११.१२ प्रतिशत बढी छ ।

२. नेपाल सरकारले तोकेको निःशुल्क वितरण हुने ९८ प्रकारका औषधीको सहज उपलब्धता हुने गरी रु.५२,३९,०००।— बाउन्न लाख उन्चालिस हजार विनियोजन गरिएको छ । नेपाल सरकारले निःशुल्क घोषणा गरेका औषधी आम नागरिकका लागि सहज पहुँच भई सर्पदंश केन्द्रमा अत्यावश्यक औषधीको समेत आपूर्ति हुनेछ । यसबाट यस नगरपालिकामा रहेको नागरिक आरोग्य केन्द्र र सर्पदंश केन्द्रमा समेत निःशुल्क औषधी आपूर्तिमा सहजता हुने अपेक्षा लिइएको छ ।

३. मृगौला प्रत्यारोपण गरेको,डायलाईसिस गराईरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघाटका विरामीहरुलाई औषधी उपचार खर्च वापत रु ५ हजारको दरले उपलब्ध गराईने रकमलाई सोझै लाभग्राहीको खातामा निकासा हुने गरी रु ३५,५०,०००। पैतिश लाख पचास हजार वजेट विनियनेजन गरेको छु ।

४. ८० वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र क बर्गका अपांगका लागि घरदैलोमा नै स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५. मातृ तथा नवशिशु कार्यक्रम संचालन गर्भवति तथा सुत्केरीआमाहरुलाई मोवाईल SMS बाट स"चनाको जानकारी समेत गराउने गरी आवश्यक वजेट प्रस्ताव गरेको छु ।

६. नेउलापुर स्वास्थ केन्द्रलाई अस्थायी आधारभुत नगर अस्पतालमा स्तरोन्नती गरी २ जना मेडिकल अधिकृत सहित थप जनशक्ति व्यवस्थापन गरी भिडियो एक्सरे विरामी भर्ना, सामान्य शल्यक्रिया सहित २४ घण्टा ईमरजेन्सि सेवा सञ्चालन गर्न आवश्यक बजेट ब्यवस्थापन गरेको छु ।

७. आधारभुत नगर अस्पतालबाट राष्ट्रिय स्वास्थ्य बिमा वोर्ड र नगरपालिका विच भएको स्वास्थ्य विमालाई गुणस्तरीय रुपमा सञ्चालन गर्न आवश्यक फार्मेसी, उपकरण र +ओषधिको नियमित आपुर्ति गर्न आवश्यक व्यवस्थापकीय प्रवन्ध मिलाईने छ ।

८. नेउलापुर स्वास्थ्य चौकीमा स्थापना भएको सिकलसेल एनिमिया ल्याब सञ्चालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु । साथै थालसेमिया, सिकलसेल एनिमियाको उपचारका लागि बजेट विनियोजन गरेको छु । थालसेमियाका विरामीलाई दिइदै आएको उपचार खर्चलाई निरन्तरता दिएको छु ।

९. पूर्ण सुरक्षित मातृत्व सेवायुक्त स्थानीय तह बनाउन सुत्केरी तथा नवजात शिशुको स्वास्थ्य र पोषणमा सुधार ल्याउन सुरक्षित मातृशिशु कार्यक्रम सञ्चालन गर्न आवश्यक समन्वय तथा सहकार्य गरिने छ ।

१०. स्वास्थ्य विशेषज्ञ सेवाबाट विमुख नगरवासीलाई घर आँगनमा नै सेवा प्रदान गर्न वृहत् स्वास्थ्य शिविरहरु सञ्चालन तथा नगर अस्पतालबाट नियमित वशेषज्ञ सेवाका लागि आवश्यक बजेट ब्यवस्थापन गरिएको छ ।

११. आधारभूत नगर अस्पताल नेउलापुरबाट रेविज र टिटानसको खोप निःशुल्क उपलब्ध गराउन आवश्यक उपकरण सहितको व्यवस्थापनका लागि बजेटे विनियोजन गरेको छु । सोही अस्पतालबाट नै पोष्टमार्टम सेवा उपलब्ध गराउन आवश्यक व्यवस्थापन गरिनेछ ।

१२. तोकिएका उमेर समूहका जेष्ठ नागरिक, जोखिमपूर्ण अवस्थाका गर्भवति महिलालाई सुविधा सम्पन्न अस्पतालमा प्रेषण गर्न तथा महिला स्वास्थ्य स्वयंसेविका लगायतका लक्षित समूहलाई एम्बुलेन्स सेवामा र बीमा कार्यक्रमका लागि विशेष छुटको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१३. **मेरो स्वास्थ्य मेरो जीवन** भन्ने अभियानका साथ स्वस्थ्यकर जीवनशैली प्रवर्धन तथा भान्सा सुधार कार्यक्रम समेत विद्यालय तह र समुदाय स्तरमा सञ्चालन गर्न तथा ४० बर्ष माथिका नागरिकको निशुल्क मधुमेह, रक्तचाप र मृगौलाको परीक्षण तथा किशोर किशोरीको रक्त अल्पता पहिचान तथा उपचारका लागि आबश्यक बजेट ब्यवस्थापन गरिएको छ ।

१४. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई **एक आमा एक करेसाबारी**, माहुरीपालन, फलफूल खेती जस्ता कार्यक्रम सञ्चालन गरी पोषिलो र अर्गानिक उत्पादनको उपयोग गर्न आवश्यक सहयोग सहित बजेट प्रस्ताव गरेको छु।

१५. स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउन गुणस्तरीय बनाउन अत्यावश्यक औजार तथा उपकरण र वास संरचनाहरुको नियमित मर्मत सम्भारका लागि कोष स्थापनार्थ आवश्यक बजेटको तर्जुमा गरेको छु ।

१६. दिर्घसेवा गरी अवकाश हुने महिला स्वयसेविकालाई सम्मान सहितको सुनौलो अवकाश योजनामा दिंदै आएको प्रोत्साहन अनुदानलाई प्रदेश सरकार समेतको सहकार्यमा रु १,५०,०००। एक लाख पचास हजार रुपैयाँ हुने गरी आवश्यक ब्यबस्थापन गरिएको छ ।

१७. महिला स्वास्थ्य संयम सेविकाहरुको पोशाक, प्रोत्साहन र यातायात तथा महिला स्वास्थ्य संयम सेविका दिवस मनाउन आवश्यक वजेट प्रस्ताव गरिएको छ ।

१८. यस नगरपालिकालाई नेपाल कै पहिलो पूर्ण हात धुने नगरपालिका घोषणा गरिएको सन्दर्भमा सो कार्यलाई दिगो बनाउन साझेदार संघसंस्था समेतको समन्वयमा कार्ययोजना सहित कार्यान्वयन गर्न आवश्यक प्रवन्ध गरिएको छ ।

१९. स्वास्थ्यसंस्थाहरुबाट विसर्जन मेडिकलजन्य फोहरलाई ब्यवस्थापन गर्न आवश्यक सहकार्य गरी कार्यन्वयन गर्न आवश्यक संयन्त्र तयार गरिएको छ ।

२०. सवै स्वास्थ्य संस्थाहरुको सेवामा न्यूनतम सेवा मापदण्ड लागु गरी गुणस्तरीय सेवा प्रवाह गर्न तथा स्वास्थ्य संस्थाहरुको संरचना मर्मत सम्भारका लागि कोष परिचालन गर्न आवश्यक संरचनागत विकास सहित बजेट प्रस्ताव गरिएको छ ।

२१. स्वास्थ्य सेवाको सवै विवरणहरुलाई बस्तुनिष्ट HIMS / MIS मा प्रविष्टिकरण समेत गर्न आबश्यक सामग्री सहितको बजेटको ब्यवस्था गरेको छु ।

२२. यस नगरपालिका पूर्ण खोप सुनिश्चिता घोषणा गरी सकिएकोले सो लाई कायम गरी र खोप तथा गाउँघर क्लिनिक समेतलाई ब्यवस्थापन गर्न आवश्यक बजेटको बजेट ब्यवस्था गरेको छु ।

२३. नगर अस्पतालमा शव चिस्यान स्थान र पोष्टमार्टम कार्य सुचारु गरिने छ । साथै नगर अस्पतालको सेवालाई थप सुविधा सम्पन्न र गुणस्तरीय बनाउन स्वास्थ्य बीमा सेवा, फार्मेसी सेवा समेतबाट प्राप्त हुने स्रोतलाई थप व्यवस्थित गर्नका लागि रु. ५० लाख बजेट प्रस्ताव गरेको छु।

**(इ) महिला वालविलका तथा लक्षित समूह**

१. **अबको महिला, आत्म निर्भर महिला** कार्यक्रम कार्यान्वयन गर्न लोक सेवा आयोग र शिक्षक सेवा आयोगका कक्षा सञ्चालन गर्न बजेट प्रस्ताव गरेको छु ।

२. अपाङ्ग तथा जेष्ठ नागरिक परिचयपत्रलाई सफ्टवेयर प्रणालीबाट वितरण गरी तथ ब्यवस्थित र प्रभावकारी वनाउन आबश्यक वजेट ब्यवस्थापन गरेको छु ।

३. अपाङ्ग नगरवासीको जीवन यापनलाई सहज बनाउन मागका आधारमा अपाङ्गता सहायक सामग्री वितरण गर्न रु २,५०,०००। दुई लाख पचास हजार बजेट विनियोजन गरेको छु ।

४. महिलाको श्रमलाई आर्थिक उपार्जनमूलक कार्यमा लगाउन रैथाने परिकार तथा उत्पादनको मेला आयोजना गर्न समन्वय गरिनेछ । नगरपालिका क्षेत्र भित्रका उद्यमशील महिलाहरुलाई स्वरोजगार कोषबाट सहुलियत दरमा ऋण प्रवाह गर्न आवश्यक प्रवन्ध गरेको छु ।

५. मुक्त कमैया, सुकुम्बासी, एकल महिला, कमहलरी, दलित, द्धन्दपिडित, यौनिक तथा लैङ्गिक अल्पसख्यकहरुका लागि आय आर्जन कार्यक्रममा सहयोग गर्न रु ८ लाख बजेट प्रस्ताव गरेको छु ।

६. वालविवाह न्यूनिकरणका लागि **सुनौलो भविष्य छोरी विमा** कार्यक्रम सञ्चालन गरिनेछ । २० वर्ष पछि विवाह गरेका बाबुआमाबाट जन्मेका हरेक छोरीको विमा गरी रु १० हजार खातामा जम्मा गिरने छ। उक्त रकम छोरी २० वर्ष पुगेपछि मात्र निकाल्न मिल्ने व्यवस्था गरिनेछ ।यस कार्यक्रमका लागी रु २० लाख विनियेजन गरिएको छ ।

७. जेष्ठ नागरिकहरुका लागि अन्तरपालिका पर्यटकीय तथा धार्मिक स्थल भ्रमणका लागी रु २ लाख वजेट प्रस्ताव गरिएको छ ।

८. संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन सम्बन्धि दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न आवश्यक वजेट प्रस्ताव गरेको छु ।

९. राष्ट्रिय बाल दिवस, मानव बेचबिखन विरुद्धको दिवस, जेष्ठ नागरिक, बेपत्ता, महिला दिवस, जिउरा जगैना कार्यक्रमहरु जस्ता कार्यक्रम सन्चालन गर्न वजेट प्रस्ताव गरिएको छ ।साथै एक वडा एक बाल उद्यान निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०. **नागरिकका हरेक सुखदुखमा नगरपालिका** भन्ने मूल नारासाथ नगरवासीको मृत्यु संस्कारमा शवलाई घाटसम्म पुर्याउन निशुल्क शव वाहनको व्यवस्था गर्न आवश्यक वजेट प्रस्ताव गरेको छु ।

**(ई)सामाजिक सुरक्षा तथा पन्जीकरण**

१. सामाजिक सुरक्षा तथा पन्जीकरण शाखाका लागी रु १०,६५,०००। दश लाख पैसठ्ठि हजार वजेट प्रस्ताव गरिएको छ ।

२. सामाजिक सुरक्षा भत्ता बितरणलाई सरल, सहज र पहुचयोग्य बनाउन हरेक वडामा घुम्ति शिबिर मार्फत र ९० वर्षभन्दा माथि, पुर्ण अपाङ्गता भएका लाभग्राहिको घरघरमा नै गई भत्ता बितरण लाभग्राहिको शिविरमा नै स्वास्थ्य परीक्षण गर्नेकार्यलाई निरन्तरता दिदै थप लाभग्राहीमैत्री बनाईने छ।यस कार्यका लागि रु २,७०,०००।दुई लाख सत्तरी हजार वजेट प्रसताव गरेको छु ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको नयाँ र नविकरण सूचना फारम र सामाजिक सुरक्षा भत्ता परिचयपत्र छपाई समयमा नै गर्न आवश्यक ब्यवस्था सहित वजेट प्रस्ताव गरिएको छ ।

४. बिभागले उपलव्ध गराएको तालिम खाका बमोजिम घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धमा न.पा, वडा कार्यालयका वडा सचिव तथा पञ्जिकरण सम्वन्धी तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी कार्यक्रमलाई साझा बुझाई वनाउन आवश्यक वजेट प्रस्ताव गरेको छु ।

५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यको शुद्धिकरणको लागि CMIS प्रणालीबाट नागरिकता प्रमाणपत्र चेकजाँच गरिने कार्यका लागी आवश्यक प्रवन्ध गिरने छ ।

**(ख)आर्थिक विकास**

**(अ)कृषि सेवा**

१. आर्थिक विकासको प्रमुख आधारको रुपमा रहेको कृषि सेवाका लागि रु १,८६,६०,०००।एक करोड छयासी लाख साठी हजार वजेट प्रस्ताव गरिएको छ ।यो कुल वजेटको २.३४ प्रतिशत हो ।

२. **किसानको हात पालिकाको साथ** भन्ने नारा सहित व्यवसायिक रुपमा खेती गर्ने किसानहरुलाई ब्याज छुट कार्यक्रम संचालन (कृषि उपकरण, बीउविजन, मल, सिचाई, तारजालि) गर्न आवश्यक वजेट प्रस्ताव गरेको छु ।

